# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

**आ.व. : २०८३/०८४**

**प्रेस विज्ञप्ति नं. : ४७२**

**मिति: २०८३।०४।२० गते**

**ने.सं. ११४६**

## प्रेस विज्ञप्ति

### पत्रकारको आवरणमा लागु औषध कारोवार
### कारभित्र लुकाएको खैरो हेरोईन ४४.३४० ग्राम सहित ३ जना पक्राउ ।

मिति २०८३।०४।२० गते लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबासबाट खटिएको प्रहरी टोलीले जिल्ला सिन्धुली दुधौली न.पा. वडा नं. ९ स्थित सिराहाको मिर्चैया देखी काठमाण्डौ तर्फ आउदै गरेको बा १६ च ७८४६ नम्बरको कारलाई शंका लागी रोकी चेकजाँच गर्ने क्रममा उक्त कारको गियर बक्सभित्र लुकाई राखेको खैरो हेरोईन ४४ ग्राम ३४० मिलिग्राम सहित उक्त कारको चालक 'Janjagaran Khabar' नामक प्रेसका News Reporter उमेश कुमार यादव सहित ३ जनालाई पक्राउ गरी आवश्यक अनुसन्धान कारवाहीको लागी इलाका प्रहरी कार्यालय डकाह सिन्धुली बुझाइएको ।

**निम्न:-**

❖ **पक्राउ प्रतिवादीहरुको विवरण:**

१. जिल्ला सिराहा लक्ष्मीपुर गा.पा. वडा नं. २ ठेगाना भएका वर्ष २६ को उमेश कुमार यादव (कार चालक)
२. जिल्ला सिराहा लाहान न.पा. वडा नं. १० ठेगाना भएका वर्ष ३० को रमेश कुमार राम
३. जिल्ला सिराहा लक्ष्मीपुर गा.पा. वडा नं. २ ठेगाना भएका वर्ष २५ को गुल्सन प्रसाद साह

❖ **बरामद (दशी) सामानहरुको विवरण:**

१. लागु औषध खैरो हेरोईन ४४.३४० ग्राम
२. मोबाइल ४ थान
३. बा १६ च ७८४६ नम्बरको कार १ थान

**नोट:**-उक्त कार News Reporter उमेश कुमार यादवले हुलास फाइनान्स, काठमाण्डौबाट किस्ताबन्दीमा लिएको खुल्न आएको ।






**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]